विकास हाइड्रोपावर कम्पनी लिमिटेड

पाँचौँ वार्षिक साधारण सभाको

निर्णय माइन्यूट

२०८३/०६/२९

१ .वैधानिक सभा:

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८३ साल असोज महिना २९ गते तदनुसार सन् २०२६ अक्टोबर १५ बिहीबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम यस कम्पनीको पाँचौँ वार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष खगेन्द्र न्यौपानेज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निर्धारित विषयमा छलफल तथा निर्णय देहाय बमोजिम काम कारबाही सुसम्पन्न भयो।

२ .सभा बसेको मिति, समय र स्थान:

मिति :२०८३ साल असोज महिना २९ गते) तद्नुसार सन् २०२६ अक्टोबर १५ (बिहीबार।

समय : बिहान ०९:३० बजे।

स्थान :होटल स्मार्ट दरबार प्रा.लि., धुम्बाराही, काठमाडौँ।

३ .सभाको सूचना:

यस कम्पनीको मिति २०८३ साल असोज महिना ०७ गते तदनुसार सन् २०२६, सेप्टेम्बर २३ बुधबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको पाँचौँ वार्षिक साधारण सभाको सूचना (स्थान, मिति, समय र छलफल हुने विषय समेत (कम्पनी ऐन, २०६३ को दफा ६७) २ (को प्रावधान अनुसार मिति २०८३/०६/०८ गते आर्थिक राष्ट्रिय दैनिक र मिति २०८३/०६/१७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै कम्पनीको वेबसाइटमा राखी शेयरधनी महानुभावहरूमा सार्वजनिक रूपमा सूचित गरिएको थियो।

४ .वार्षिक साधारण सभाका प्रस्तावहरू:

(क (सामान्य प्रस्तावहरू:

Bikash Hydropower Company Ltd. BHYDRO 2017

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व .२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व .२०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने।

३. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने।

४. सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारबाहीहरू अनुमोदन गर्ने।

५. संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने।

६. सञ्चालक समितिको भत्ता, सेवा सुविधा सम्बन्धमा।

७. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व .२०८२/०८३ हाल कायम चुक्ता शेयरपुँजी रु. ९०,९१,०१,३००-/ (नब्बे करोड एकान्नब्बे लाख एक हजार तीन सय रुपैयाँ (को ०.५२६३ प्रतिशत अर्थात् रु. ४७,८४,६००.१४ नगद लाभांश) बोनस शेयरमा लाग्ने कर प्रयोजन (का लागि स्वीकृत गर्ने।

(ख (विशेष प्रस्तावहरू:

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व .२०८२/०८३ सम्मको मुनाफाबाट हाल कायम चुक्ता शेयरपुँजी रु .९०,९१,०१,३००) -/नब्बे करोड एकान्नब्बे लाख एक हजार तीन सय रुपैयाँ (को १० प्रतिशत लाभांश) १० प्रतिशतका दरले हुने रु .९,०९,१०,१३०) नौ करोड नौ लाख दश हजार एक सय तीस रुपैयाँ मात्र (बोनस शेयर को स्वीकृति प्रदान गर्ने।

२. बोनस शेयर जारी पश्चात पुँजी वृद्धि गर्न कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधन नियमनकारी निकायबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

४. लगानी अनुमोदन तथा अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

Bikash Hydropower Company Ltd. BHYDRO 2017

(ग (विविध

५ .सभामा उपस्थितिः

(क (सञ्चालकहरूको उपस्थितिः

क्र.सं.	सञ्चालकको नाम	पद
१.	श्री खगेन्द्र न्यौपाने	अध्यक्ष
२.	श्री कृष्ण प्रसाद घिमिरे	सञ्चालक
३.	श्री मनु माया भट्टराई	सञ्चालक
४.	श्री प्रज्ञा शर्मा	सञ्चालक
५.	श्री पुनम गुरुङ	सञ्चालक
६.	श्री उत्तम अधिकारी	स्वतन्त्र सञ्चालक

(ख (अतिथी तथा पदाधिकारी उपस्थितिः

१.	श्री सरोज धिताल	-संस्थापक संचालक
२.	श्री सुनिल श्रेष्ठ	-संस्थापक संचालक
३.	सी.ए .राम प्रकाश शाह	-वित्तीय सल्लाहकार
४.	अधिवक्ता दीपक कँडेल	-कानुनी सल्लाहकार
५.	श्री बासु थपलिया	- प्रतिनिधि, प्रभु क्यापिटल लिमिटेड
६.	श्री श्रीराम बखती	-कम्पनी सचिव तथा लेखा अधिकृत

(ग (शेयरधनीहरूको उपस्थिति र गणपुरक संख्या :

कुल शेयर सङ्ख्यामा :९०,९१,०१३ किता।

गणपुरक शेयर संख्या : ४५,४५,५०७ किता।

सभामा उपस्थित शेयर संख्या : ५८,२७,५९३ किता।

Bikash Hydropower Company Ltd. BHYDRO 2017

स्वयम् उपस्थित शेयर संख्या : ४७,३५,३७५ कित्ता ।

प्रोक्सी मार्फत उपस्थित शेयर संख्या : १०,९२,२१८ कित्ता ।

कुल उपस्थित शेयर संख्याको प्रतिशत : ६४.१० प्रतिशत ।

विवरण	कुल संख्या	स्वयम् उपस्थित	प्रतिनिधि मार्फत उपस्थित	कुल उपस्थिति	उपस्थिति प्रतिशत
शेयर संख्या	९०,९१,०१३	४७,३५,३७५	१०,९२,२१८	५८,२७,५९३	६४.१०

६ .सभाको वैधानिकता र सभा सञ्चालनः

कम्पनीको पाँचौँ वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७)२ (को प्रावधान अनुसार बोलाइएको र सभाको गणपूरक सङ्ख्याको हकमा कम्पनी ऐन, २०६३ को दफा ७३)२ (को प्रावधान बमोजिम कम्पनीको पाँचौँ वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको सङ्ख्या र शेयर सङ्ख्या गणपुरक संख्या भन्दा बढी भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो।

७. सभाको अध्यक्षता र संचालनः

शेयरधनी हरुबाट साधारण सभाको बैधानिकता एकिन भए पश्चात संचालक समितिका अध्यक्ष श्री खगेन्द्र न्यौपानेले साधारण सभाको अध्यक्षता ग्रहण गर्नुभयो । संचालक समितिका अध्यक्षले अध्यक्षता गर्ने क्रममा आफ्नो अध्यक्षको मन्तव्य सहित सबै शेयरधनी महानुभावहरूलाई स्वागत एवं अभिवादन गर्दै सभाको कार्य अगाडि बढाउनु भयो। साथै सञ्चालक समितिका सदस्यहरू, कम्पनीका पदाधिकारी, आमन्त्रित व्यक्तित्वहरू र उपस्थित सबै शेयरधनीहरूलाई आसन ग्रहण गराएर सभा सञ्चालन गरिएको थियो।

८ . सञ्चालक समितिको प्रतिवेदन र आर्थिक विवरण प्रस्तुतिः

सञ्चालक समितिको अध्यक्षले कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो। साथै अध्यक्षज्यूको अनुरोध बमोजिम कम्पनीका आन्तरिक लेखापरीक्षकले

Bikash Hydropower Company Ltd. BHYDRO 2017

कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विवरण सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नुभएको थियो।

९. छलफलका लागि आह्वानः

सभामा छलफलका लागि निर्धारित विषयसूची उपर छलफल गर्नका लागि इच्छुक शेयरधनीहरूलाई आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरू समक्ष अनुरोध गर्नुभए पश्चात् शेयरधनीहरूले छलफलको क्रममा प्रत्यक्ष रूपमा सहभागी हुँदै विभिन्न जिज्ञासा तथा सुझावहरू व्यक्त गर्नुभएको थियो।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको पाँचौँ वार्षिक साधारण सभामा श्री युगल बसेल, निरूपमा गुप्ता, सत्रुधन श्रेष्ठ, अमयदत पाण्डे, राजकाजी रन्जीत, बैजनाथ रौनियार, सुदिप श्रेष्ठ, इन्द्र प्रसाद लामिछाने, गोविन्द बहादुर के.सी .र उत्तम पाठकले प्रत्यक्ष रूपमा मन्तव्य व्यक्त गर्नुभएको थियो भने श्री भेष राज भण्डारी, जगन्नाथ आचार्य, सुरेन्द्र चिमेरिया, ब्रम देव शाक्य, लक्ष्मण श्रेष्ठ, माधव प्रसाद सिमखडा, नरसिंहलाल चखु र दीपक बोहोराले लिखित सुझाव उपलब्ध गराउनुभएको थियो।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको ५ पाँचौँ वार्षिक साधारण सभा) AGM) मा शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नुभएका लिखित मन्तव्य तथा सुझावहरूको सार यस प्रकार रहेको छः

१. कम्पनीले आर्थिक वर्ष २०८२/०८३ मा शेयरधनीहरूलाई १० प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि ०.५२६३ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा शेयरधनीहरूले विशेष आभार तथा खुसी व्यक्त गरेका छन्।

२. कम्पनीको खुद मुनाफा बढेर ९.७७ करोड रुपैयाँ पुगेको र विद्युत बिक्री आम्दानीमा उल्लेखनीय सुधार आएकोमा शेयरधनीहरूले खुशी प्रकट गर्दै यसलाई प्रशंसनीय कदम भनेका छन्।

३. आईपीओ) IPO) बिक्रीबाट प्राप्त रकम र अन्य आम्दानीमार्फत कम्पनीले आफ्नो दीर्घकालीन तथा मध्यमकालीन ऋण भारलाई उल्लेख्य रूपमा घटाउन सफल भएकोमा प्रशंसा गरिएको छ।

४. दशैँ अगावै समयमै साधारण सभा आयोजना गरेकोमा सञ्चालक समिति र व्यवस्थापन टिमलाई धन्यवाद दिँदै आगामी दिनहरूमा पनि प्रथम त्रैमासिकभित्रै सभा सम्पन्न गर्न आग्रह गरिएको छ।

Bikash Hydropower Company Ltd. BHYDRO 2017

५. वित्तीय प्रतिवेदन अध्ययन गर्दा प्रशासनिक तथा अन्य खर्चहरूमा मितव्ययीता अपनाइएको र वित्तीय अनुशासन कायम राख्दै उत्कृष्ट कार्य गरिएकोमा सम्बन्धित पक्षबाट प्रशंसा व्यक्त गरिएको छ। आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिन जोड दिइएको छ।

६. कम्पनीको प्रगतिमा अरात खटिने कर्मचारीहरूको उत्प्रेरण, क्षमता विकास तथा समयसापेक्ष तालिम र कल्याणकारी सुविधाहरूमा ध्यान दिनुपर्ने सुझाव दिइएको छ।

७. नेपालमा हालैका दिनहरूमा आएको बाढीपहिरो, जलवायु परिवर्तनको प्रभाव र यसले जलविद्युत आयोजनाहरूको उत्पादन, प्रसारण लाइन (Transmission Line) तथा वितरणमा पार्न सक्ने असरप्रति गम्भीर हुन ध्यानाकर्षण गराइएको छ।

८. आयोजना स्थलका संरचनाहरू) जस्तै बाँध, पेनस्टक पाइप, पावर हाउस, प्रसारण लाइन आदि (को सुरक्षाका लागि आवश्यक पूर्वसावधानी, जोखिम न्यूनीकरणका उपायहरू र प्रभावकारी विमा व्यवस्था गर्न सुझाव दिइएको छ।

९. नाफाको १ प्रतिशत छुट्याइएको CSR रकम स्थानीय क्षेत्रको विकास, वृक्षारोपण तथा स्थानीय जनजीवनलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले पारदर्शी ढङ्गले खर्च गर्न र यसको नियमित अनुगमन गर्न भनिएको छ।

१०. वार्षिक प्रतिवेदनमा प्रमुख वित्तीय सूचकहरू) राजस्व, ब्याज, खुद नाफा आदि (लाई सरल चार्ट तथा तस्बिरसहित प्रस्तुत गर्न र आयोजनाको सम्पूर्ण चिनारी) क्षमता, लागत, मिति आदि (स्पष्ट रूपमा समेट्न आग्रह गरिएको छ।

११. शेयरधनीहरूले कम्पनीका आगामी योजना, साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्ताव तथा एजेण्डाहरूमा आफ्नो पूर्ण समर्थन जनाउदै अन्तमा, बडा दशैँ, दीपावली, नेपाल संवत् र छठ पर्वको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै, कम्पनीले आगामी दिनमा अझ उत्कृष्ट वित्तीय नतिजा हासिल गर्दै नेपालको ऊर्जा क्षेत्रमा थप योगदान पुऱ्याउन सकोस् भन्ने कामना गर्नु भयो ।

सभामा शेयरधनीहरूले प्रकट गर्नुभएको धारणा, जिज्ञासा, सुझाव एवं प्रश्नहरूको जवाफ दिनुहुदै कम्पनीका प्रबन्ध संचालक श्री कृष्ण प्रसाद घिमिरेले शेयरधनीहरूले दिनुभएको अमूल्य तथा गहन सुझावहरूका लागि शेयरधनी महानुभावहरूलाई धन्यवाद दिँदै, सुझावहरूलाई मध्यनजर गर्दै आगामी दिनमा सोही अनुसार कार्य गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो।

Bikash Hydropower Company Ltd. BHYDRO 2017

१० .प्रस्तावहरूको निर्णयार्थ प्रस्तुतिः

साधारण सभामा पेश वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन तथा सभा समक्ष पेश प्रस्त्वाहरु माथि छलफल पश्चात अध्यक्षज्यूको निर्देशन अनुसार सभा सञ्चालनकर्ताले सभाको काम-कारबाहीलाई अगाडि बढाउने क्रममा सभामा छलफल र निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गत सम्पूर्ण प्रस्तावहरू सभासमक्ष प्रस्तुत गर्नुभयो।

११ .साधारण सभाको निर्णयहरु :

(क (सामान्य प्रस्तावहरूः

निर्णय नम्बर १ (प्रस्ताव नम्बर १ उपर छलफल हुदा , कम्पनीको साधारण सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित भयो।

निर्णय नम्बर २ (प्रस्ताव नम्बर २ उपर छलफल हुदा , लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व .२०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित भयो।

निर्णय नम्बर ३ (प्रस्ताव नम्बर ३ उपर छलफल हुदा , आ.व .२०८३/०८४ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षकमा एस .चपाई एण्ड एसोसियट्स) S. Chapain And Associates), चार्टर्ड एकाउन्टेन्ट्सलाई वार्षिक पारिश्रमिक रु .३,००,०००) -/अक्षरशः तीन लाख रुपैयाँ मात्र(, (मूल्य अभिवृद्धि कर बाहेक (दिने गरी आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित भयो।

निर्णय नम्बर ४ (प्रस्ताव नम्बर ४ उपर छलफल हुदा , सञ्चालक समितिबाट आ.व .२०८२/०८३ मा भए गरेका सम्पूर्ण निर्णय, काम कारवाही तथा कार्यहरू अनुमोदन गर्ने प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित भयो।

निर्णय नम्बर ५ (प्रस्ताव नम्बर ५ उपर छलफल हुदा , संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन स्वीकृत गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा कम्पनीको सञ्चालक समितिले स्वीकृत गरी साधारण सभामा पेस गरेको आ.व .२०८२/०८३ को संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित भयो।

Bikash Hydropower Company Ltd. BHYDRO 2017

निर्णय नम्बर ६ (प्रस्ताव नम्बर ६ उपर छलफल हुदा , सञ्चालक समितिका बैठकहरूमा उपस्थित हुने सञ्चालकज्यूहरूलाई प्रदान गरिने बैठक भत्ता तथा अन्य सेवा-सुविधाहरू सावित बमोजिम नै रहने गरि निरन्तरता दिइ कायम राख्ने निर्णय गरियो ।

निर्णय नम्बर ७ (प्रस्ताव नम्बर ७ उपर छलफल हुदा ,सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८२/०८३ को हाल कायम चुक्ता शेयरपुँजी रु .९०,९१,०१,३००) -/नब्बे करोड एकान्नब्बे लाख एक हजार तीन सय रुपैयाँ (को ०.५२६३ प्रतिशत अर्थात् रु .४७,८४,६००.१४ नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजन)का लागि वितरण गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा, सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले स्वीकृत तथा पारित भयो।

(ख (विशेष प्रस्तावहरू:

निर्णय नम्बर १ (प्रस्ताव नम्बर १ उपर छलफल हुदा , सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व . २०८२/०८३ सम्मको मुनाफाबाट हाल कायम चुक्ता शेयरपुँजी रु .९०,९१,०१,३००) -/नब्बे करोड एकान्नब्बे लाख एक हजार तीन सय रुपैयाँ (को १० प्रतिशत लाभांश) १० प्रतिशतका दरले हुने रु . ९,०९,१०,१३०) नौ करोड नौ लाख दश हजार एक सय तीस रुपैयाँ मात्र (बोनस शेयर विद्यमान शेयरधनीहरूलाई वितरण गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा, सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले स्वीकृत तथा पारित भयो।

निर्णय नम्बर २ (प्रस्ताव नम्बर २ उपर छलफल हुदा , सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर जारी भएपश्चात् कम्पनीको अधिकृत पुँजी, जारी पुँजी तथा चुक्ता पुँजी देहाय बमोजिम वृद्धि गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा, सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले स्वीकृत तथा पारित गरियो।

विवरण	सावित पुँजी) रु(.	वृद्धि हुने बोनस शेयर रकम) रु(.	हाल कायम हुने कुल पुँजी)रु(.
अधिकृत पुँजी	९०,९१,०१,३००-/	९,०९,१०,१३०-/	१,००,००,११,४३०-/
जारी पुँजी	९०,९१,०१,३००-/	९,०९,१०,१३०-/	१,००,००,११,४३०-/

Bikash Hydropower Company Ltd. RHYDRO 2017

चुक्ता पुँजी	९०,९१,०१,३००-/	९,०९,१०,१३०-/	१,००,००,११,४३०-/

निर्णय नम्बर ३ (प्रस्ताव नम्बर ३ उपर छलफल हुदा , बोनस शेयर वितरण पश्चात् वृद्धि हुने अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी अनुरूप कम्पनीको प्रबन्धपत्रको दफा ६) क(, (ख) (ग (मा देहायको संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

प्रबन्धपत्र संसोधन सम्बन्धि ३ महले

साबिकको व्यवस्था	**हाल प्रस्तावित संसोधन**	**संशोधन गर्नु पर्नाको कारण**
दफा ६ .कम्पनीको पुँजी संरचना (क) कम्पनीको अधिकृत पुँजी रु ९०,९१,०१,३००/-) नब्बे करोड एकानब्बे लाख एक हजार तिन सय रुपैया मात्र (हुनेछ । सो पुँजीलाई प्रति शेयर रु .१०० दरका ९०९१०१३७ थान शेयरमा विभाजन गरिएको छ । (ख) कम्पनीको तत्काल जारि गर्ने पुँजी रु ९०,९१,०१,३००/-) नब्बे करोड एकानब्बे लाख एक हजार तिन सय रुपैया मात्र (हुनेछ । सो पुँजीलाई प्रति शेयर रु .१०० दरका ९०९१०१३७ थान शेयरमा विभाजन गरिएको छ । (ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु ९०,९१,०१,३००/-) नब्बे करोड एकानब्बे	दफा ६ .कम्पनीको पुँजी संरचना (क) कम्पनीको अधिकृत पुँजी रु १,००,००,११,४३०) -/एक अर्व एघार हजार चार सय तिस रुपैया मात्र (हुनेछ । सो पुँजीलाई प्रति शेयर रु .१०० दरका १००००११४.३ थान शेयरमा विभाजन गरिएको छ। (ख) कम्पनीको तत्काल जारि गर्ने पुँजी रु १,००,००,११,४३०) -/एक अर्व एघार हजार चार सय तिस रुपैया मात्र (हुनेछ । सो पुँजीलाई प्रति शेयर रु .१०० दरका १००००११४.३ थान शेयरमा विभाजन गरिएको छ। (ग) कम्पनीको तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी पुँजी रु १,००,००,११,४३०) -/एक अर्व एघार	कम्पनीको बोनस शेयर वितरण पश्चात पुँजी बृद्दी गर्नु पर्ने भएकोले, साधारण सभाको निर्णय अनुसार

Bikash Hydropower Company Ltd. BHYDRO 2017

लाख एक हजार तिन सय रुपैया मात्र (हुनेछ ।	हजार चार सय तिस रुपैया मात्र (हुनेछ।	

साथै प्रस्तावित संशोधन उपर नियमनकारी निकायहरू) कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, विद्युत् नियमन आयोग आदि (बाट कुनै फेरबदल, परिमार्जन वा सुझाव आएमा सोही अनुरूप आवश्यक संशोधन तथा समायोजन गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले स्वीकृत तथा पारित गरियो।

निर्णय नम्बर ४ (प्रस्ताव नम्बर ४ उपर छलफल हुदा , ले सांग्रिला हाइड्रोपावर प्रा.लि.द्वारा प्रवर्द्धित र निर्माणाधीन २२.५० मेगावाट क्षमताको जल्दिगाड जलविद्युत आयोजनामा प्रवर्द्धक शेयर) Equity Capital) बापत कुल रु .१०,००,००,०००) -/अक्षरुपी रु .दस करोड रुपैयाँ मात्र (लगानी गर्न ले सांग्रिला हाइड्रोपावर प्रा.लि.बाट अनुरोध भई आएको र उक्त प्रस्ताव उपर कम्पनीको सञ्चालक समितिबाट छलफल गरि लगानी गर्ने निर्णय भई अनुमोदनको लागि सभा समक्ष पेश भएकोमा उक्त निर्णय अनुमोदन गर्दै ले सांग्रिला हाइड्रोपावर प्रा.लि.मा कम्पनीको तर्फबाट रु .१०,००,००,००० -/(अक्षरुपी रु . दस करोड रुपैयाँ (मात्र लगानी गर्ने निर्णय गरियो ।

साथै कम्पनीको हित हुने गरि उल्लेखित कम्पनीमा थप लगानी तथा अन्य कम्पनीहरुमा लगानी गर्नु उपयुक्त भएमा लगानी गर्ने सम्बन्धि आवश्यक निर्णय गर्न तथा अन्य सम्पूर्ण प्रक्रियाहरू पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

(ग (विविध:

कम्पनीको सञ्चालक समितिको हालसम्म गरेका सबै कार्यहरू तथा निर्णयहरूलाई अनुमोदन गर्दै आजको यस सभामा दफा ५१.१ र ५१.२, दफा ७८ को विवरणलाई पनि अनुमोदन गरियो।

१२ .साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण:

यस सभाको निर्णय पुस्तिका) माइन्यूट (मा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको व्यवस्था अनुसार सभाको अध्यक्ष र कम्पनी सचिवले साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने व्यवस्था बमोजिम कम्पनीको साधारण सभाको निर्णय पुस्तिका) माइन्यूट (सभाका अध्यक्ष तथा कम्पनी सचिवले

Bikash Hydropower Company Ltd. B-HYDRO 2017

प्रमाणित गर्ने तथा बुझाउनुपर्ने निकायहरूमा अध्यक्ष, प्रबन्ध सञ्चालक वा कम्पनी सचिवमध्ये कुनै १ (एक) जनाले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराइयो।

१३ .धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सदस्य महानुभावहरूबाट छलफलमा सकारात्मक तथा सक्रिय रूपमा सहभागी हुनुका साथै उहाँहरूबाट आवश्यक मार्गनिर्देशन प्राप्त भएकोमा तथा पाँचौँ वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिको सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कम्पनीका कर्मठ कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य उपस्थित सबै महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। सभाका अध्यक्षले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनुभएको विश्वास र सद्भावहरूप्रति कृतज्ञता ज्ञापन गर्नुभयो र यो वार्षिक साधारण सभा समाप्त भएको घोषणा गर्नुभयो।

.....

श्री श्रीराम बखती

कम्पनी सचिव

Bikash Hydropower Company Ltd. BHYDRO 2017

.....

श्री खगेन्द्र न्यौपाने

अध्यक्ष

मितिः २०८३/०६/२९